गण्डकी प्रदेश सरकार
उद्योग तथा पर्यटन मन्त्रालय र
सामाजिक विकास,युवा तथा खेलकुद मन्त्रालय
# एकीकृत सेवा कार्यालय
दमौली, तनहुँ

प.स. २०८२/०८३ 0६५-५९०४२२

च नं ६४

मिति: २०८२/०८/११

**विषयः सचेतनामूलक भिडियो सामग्री प्रतियोगिता सम्बन्धमा।**

श्री सम्पूर्ण सामुदायिक/संस्थागत विद्यालयहरु
तनहुँ।

प्रस्तुत विषयमा लैङ्गिक हिंसा विरुद्दको १६ दिने अभियान नोभेम्वर २५ देखि डिसेम्वर १०,२०२५ (तद् अनुसार २०८२ मंसिर ९ गतेखि २४ सम्म) मनाउने सन्दर्भमा अन्तर्राष्ट्रिय नारा "UNITE TO END DIGITAL VIOLENCE AGAINST ALL WOMEN AND GIRLS" तथा राष्ट्रिय नारा **"प्रविधिको सहि प्रयोग गरौः लैङ्गिक हिंसा अन्त्य गरौं"** विषयमा आधारित रहि सामुदायिक तथा संस्थागत विद्यालयहरुमा कक्षा ९-१२ सम्म अध्ययनरत विद्यार्थीहरु विच सचेतनामूलक भिडियोमा आधारित बक्तृत्वकला प्रतियोगिता आयोजना गरिएको हुँदा तनहुँ जिल्ला अन्तर्गतका उक्त वमोजिम अध्ययनरत विद्यार्थीहरुलाई सहभगी गराइ दिनुहुन अनुरोध गरिन्छ। उक्त प्रतियोगिताका नियमहरु निम्नानुसार छन्।

क) निर्माण गरिएको भिडियो सामग्री २०८२ साल मंसिर २२ गतेसम्म अपलोड गरिसक्नु पर्नेछ।

ख) प्रतियोगितामा तनहुँ जिल्ला अन्तर्गतका सामुदायिक तथा संस्थागत विद्यालयहरुमा कक्षा ९-१२ सम्म अध्ययनरत विद्यार्थीहरु सहभागी हुन पाउने छन्।

ग) भिडियो सामग्री न्यूनतम ३ मिनेटदेखि अधिकतम ५ मिनेट समय भित्रको हुनु पर्दछ। भिडियो सामग्रीको शुरुवात आफ्नो नाम,अध्ययनरत विद्यालय, अध्ययनरत कक्षा र विषयवस्तुको प्रस्तुतिकरणको ढाँचामा हुनु पर्दछ।

घ) भिडियो नेपाली भाषामा हुनु पर्दछ।

ङ) भिडियोमा शव्द चयन गर्दा मर्यादित,कसैलाई व्यक्तिगत आक्षेप र लाञ्छना नलाग्ने किसिमको हुनु पर्दछ।

च) भिडियो सामग्री कुनै निश्चित राजनैतिक दल, दलको नेता, धार्मिक समुदाय वा सो समुदायका अगुवा, लिङ्ग जातजाति वा निश्चित व्यक्तिको पक्ष वा विपक्षमा हुनु हुँदैन।

छ) भिडियो सामग्री पठाउँदा विद्यार्थीहरुले आफू अध्ययनरत विद्यालय मार्फत उपलब्ध गराइएको निर्धारित ढाँचा वमोजिमको सिफारिश पत्र सहित अपलोड गर्नु पर्नेछ। विद्यालयको सिफारिश पत्रको ढाँचा यस कार्यालयको वेब साइट http://sdotanahun.gandaki.gov.np/ बाट डाउनलोड गर्न सकिनेछ।

ज) भिडियो कुनै श्रोतबाट हुवहु नक्कल नगरिएको, मौलिक र सन्देशमूलक हुनु पर्दछ।

झ) भिडियोले लैङ्गिक हिंसा अन्त्यका लागि प्रविधिको सहि सदुपयोग कसरी गर्न सकिन्छ भन्ने सम्बन्धमा सहि,सकारात्मक र प्रवर्धनात्मक सन्देश दिने हुनु पर्दछ।

ञ) भिडियो सामग्री सहभागी प्रतिस्पर्धी विद्यार्थी स्वयमंको आवाजमा बुझिने स्पष्ट शव्दमा रेकर्ड गरिएको हुनु पर्दछ। बहिरा विद्यार्थीहरुले साङ्केतिक भाषाको दोभाषे प्रयोग गरि भिडियो रेकर्ड गर्न सकिनेछ।

ट) सामग्री पठाउँदा अनिवार्य रुपमा गुगल ड्राइभमा अपलोड गरेर डाउनलोन गर्न सकिने गरि Mp4 Format को भिडियोलाई लिङ्क बनाएर तोकिएको मिति भित्र दिइएको गुगल फर्मको लिङ्कमा भिडियोको लिङ्क Share गर्नुपर्ने छ।

ठ) भिडियो अपलोड गर्न यसै सूचनासँगै उपलब्ध गराइएको गुगल फर्मको लिङ्क वा दिइएको QR Code Scan गरी अपलोड गर्न सकिनेछ।



कार्यालय प्रमुख

ड) सहभागिहरु मध्ये प्रथम, द्वितीय, तृतीय र सान्त्वना स्थान गर्ने प्रतियोगिहरुलाई क्रमशः१२०००।-(बाह्र हजार),९००००।-(नौ हजार), ६०००।-(छ हजार) र ३०००।-(तीन हजार) नगद र प्रमाण पत्र उपलव्ध गराइनेछ । नगद पुरस्कार तथा प्रमाण पत्र वितरण सम्वन्धी कार्यक्रम नतिजा सार्वजिक गर्ने समयमा जानकारी गराइने छ ।

ढ) प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय र सान्त्वना स्थान हासिल गर्ने विद्यार्थीको भिडियो यस कार्यलयको वेवसाइटमा युट्युवबाट सार्वजिक गरिनेछ ।

ण) प्रतियोगिता सम्बन्धी अन्तिम निर्णय निर्णायक समितिको हुनेछ ।

त) यस सम्वन्धी थप जानकारीका लागि मोबाइल नं ९८४५२५९१२९/९८५६०१३४२२ तथा ९८५६०१३४२४ मा सम्पर्क गर्न सकिनेछ ।

**भिडियो अपलोड गर्न Scan गर्नुहोस् ।** गुगल फर्मको लिङ्कः https://forms.gle/dhrGUwydMaqkZJ929

२०८२/०८/११
कार्यालय प्रमुख

श्री कार्यालय प्रमुख ज्यू
एकिकृत सेवा कार्यालय,तनहुँ।

मितिः २०८२।०८।

**विषयः सिफारिस सम्बन्धमा।**

प्रस्तुत विषयमा तहाँ कार्यालयको मिति २०८२।०८।०८ गते प्रकाशित सूचना अनुसार **"प्रविधिको सहि प्रयोग गरौँ: लैङ्गिक हिंसा अन्त्य गरौं"** भन्ने विषयमा सञ्चालन हुने कक्षा ९-१२ सम्म अध्ययनरत विद्यार्थीहरु सहभागी हुने सचेतनामूलक भिडियो सामग्रीमा आधारित बक्तृत्वकला प्रतियोगितामा सहभागी हुन यस विद्यालयका तपसिल वमोजिम विवरण भएका विद्यार्थीले निर्माण गरेको भिडियो सामग्री अपलोड गरिएको छ। नियमानुसार प्रतियोगितामा सहभागी गराइ दिनुहुन सिफारिस साथ अनुरोध गरिन्छ।

१. विद्यार्थीको नामः
२. अध्ययनरत कक्षाः
३. रोल नः
४. जन्ममितिः
५. विद्यालयको नामः
६. ठेगानाः
७. विद्यालयको सम्पर्क नः
८. विद्यालयको इमेल ठेगानाः

निज विद्यार्थी चालु शैक्षिक वर्ष २०८२ मा यस विद्यालयको .......... कक्षामा नियमित विद्यार्थीको रुपमा अध्ययनरत रहेको बेहोरा प्रमाणित गरिन्छ।

प्रधानाध्यापकको नामः

हस्ताक्षरः

विद्यालयको छापः